अध्याय ३

# वि.सं. २०६२–२०६३ को जनआन्दोलनमा नागरिक आन्दोलन र नागरिक समाज

**चूडामणि बस्नेत**

## परिचय

वि.सं. २०६२–२०६३ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनको विरोधमा भएको प्रदर्शन र त्यस पछिको समयमा समेत "नागरिक समाज" ले महत्त्वपूर्ण भूमिका खेलेको थियो (शाह सन् २००८; हिटन-श्रेष्ठ र अधिकारी सन् २०१०; बस्नेत सन् २०१२)। यो लेख माथि उल्लिखित समयमा "लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन" (यसपछि नागरिक आन्दोलन लेखिएको) भनी ख्याति कमाएको "नागरिक समाज" मा केन्द्रित छ । यस आन्दोलनबारे अध्येता सौभाग्य शाह (सन् २००८) ले आन्दोलनसँग जोडिएका व्यक्तिहरूलाई नागरिक आन्दोलनका "सबैभन्दा महत्त्वपूर्ण अनुहारहरू" भएको बताएका छन् । अर्को अध्ययनमा सिलेन श्रेष्ठ र रमेश अधिकारीले मूलत: यसलाई नागरिक समाजको आन्दोलन भनी चर्चा गरेका छन् (हिटन-श्रेष्ठ र अधिकारी सन् २०१०) । वि.सं. २०७० को दशकमा आउँदा अखबारहरूमा उक्त आन्दोलनलाई "नागरिक समाज" को नामबाटै सम्झना गरिएको छ । यो लेखमा मैले वि.सं. २०६२–२०६३ को आन्दोलनमा प्रचलित "नागरिक समाज" संकथनको विभिन्न अर्थहरू केलाउने प्रयास गरेको छु ।

नागरिक आन्दोलनका समर्थक र आलोचक, पत्रकार, आन्दोलनकारी, राजनीतिक दलका नेता र सर्वसाधारण व्यक्तिसँग वि.सं. २०६४–२०६५ मा गरेको कुराकानीलाई यो लेखमा मैले आधार बनाएको छु । यसै गरी विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखलाई समेत यहाँ प्रयोग गरेको छु । नागरिक आन्दोलनले साउन १०, २०६२ मा रत्नपार्कमा

पहिलो जनसभा गरे पछिका करिब छ महिनामा यो लेख केन्द्रित छ । यस क्रममा मैले कुराकानी गरेको राजनीतिक दलका नेता, पत्रकार तथा आन्दोलनका समर्थकहरूले नागरिक आन्दोलनतर्फ संकेत गर्दै यसले जनआन्दोलनमा “निकै ठूलो” भूमिका खेलेको बताएका थिए । आलोचकहरू चाहिँ नागरिक आन्दोलनसँग रुष्ट देखिन्थे ।

सन् १९९० को दशकको शुरूदेखि नै गैरसरकारी संस्था (यसपछि गैसस) हरूलाई नागरिक समाजको नाममा चिनाउने विश्वव्यापी प्रचलन स्थापित हुँदै गएको थियो (जेन्किन्स् सन् २००१; चन्धोक सन् २००२; मर्सर सन् २००२) । विश्व बजार, प्राज्ञिक क्षेत्र, दाता संस्था र अन्तर्राष्ट्रिय संघ-संस्थाहरूको सञ्जालमा नेपालको खास समाज जोडिँदै जाँदा यहाँका गैससले आफूलाई “नागरिक समाज” को रूपमा चिनाउन थालेका थिए । नेपालको मिडिया र प्राज्ञिक क्षेत्रमा प्रयोग गरिने भाषामा समेत नागरिक समाज र गैससहरूलाई पर्यायवाचीको रूपमा बुझिन थालिएको थियो (भट्ट सन् २००७, सन् २०१२) ।[१] तर ठुला गैससलाई राजनीतिक दलको पिछलग्गु भएको, भ्रष्टाचार गरेको, “डलर खेती” गरेको, पश्चिमाहरूको हैकम बढाएको, आदिवासी संस्थाहरूलाई पाखा लगाएको, “वास्तविक” सामाजिक आन्दोलनहरूलाई छायाँमा पारेको र विद्यमान जातीय, क्षेत्रीय तथा लैंगिक असमानतालाई झनै बढाएको जस्ता आरोप लाग्ने गरेको थियो (दाहाल सन् २००१; तामाङ सन् २००२; शाह सन् २००२) । त्यसैले गैससहरूले प्रयोग गर्ने नागरिक समाजको नयाँ संकथन र पहिचानको समेत आलोचना हुन्थ्यो (तामाङ सन् २००२; शाह सन् २००२; पाण्डे २०५८; वन्त २०५८) । यति हुँदाहुँदै पनि नागरिक समाजको संकथन वि.सं. २०६२–२०६३ को आन्दोलनको क्रममा लोकप्रिय भएको थियो ।

यो लेखमा मुख्यत: तीन ओटा खण्ड छन् । पहिलो खण्डमा म राजाको शासनको बेलामा भएको नागरिक आन्दोलनको गठन र यसको उद्देश्यको चर्चा गर्दछु । दोस्रो खण्डमा, नागरिक आन्दोलनले कसरी जनपरिचालन गर्न र चर्चा कमाउन सफल भयो भन्ने वर्णन गर्दछु । यहाँ वि.सं. २०४६ पछि स्थापना भएका केही साना गैससहरू र वि.सं. २०५८ देखि नै सरकारको लगातार विरोध गरिरहेका पत्रकारहरूको भूमिका महत्त्वपूर्ण रहेको चर्चा गरेको छु । म यहाँ फ्रेन्च समाजशास्त्री पिएरे बोर्दुको सांस्कृतिक, सामाजिक र सांकेतिक पुँजीबारे व्याख्या गरिएको अवधारणाको सहयोग लिन्छु (बोर्दु सन् १९८४, सन् २००१; बोर्दु र वाकक्वान्ट सन् २०१३) । यी तीन ओटा अवधारणाहरू बहुआयमिक र एक अर्कासँग सम्बन्धित छन् । उनले यी अवधारणाबाट समाजमा संस्कृति र शक्तिको पुनर्उत्पादनको व्याख्या गरेका छन् । तर यहाँ मेरो प्रयोग केही भिन्न छ । मैले माथि उल्लिखित अवधारणालाई सामाजिक आन्दोलनको जनपरिचालनमा सहयोग गर्ने शक्तिको अर्थमा प्रयोग गरेको छु ।

[१] जस्तै, भट्ट (सन् २०१२ : १९७) ले “गैससहरू/नागरिक समाज” शब्दावली लेख्दै नागरिक समाज र गैससलाई पर्यायवाचीको रूपमा प्रयोग गरेका छन् ।

मेरो प्रयोगमा सांस्कृतिक पुँजी भनेको राजनीतिका खेलको नियमहरूको जानकार, भाषण गर्न सिपालु, "गहकिला" शब्दावलीको प्रयोग सजिलै गर्नसक्ने राजनीतिक क्षमता हो । सामाजिक-संरचनामा व्यक्ति वा संस्थाको भूमिकाले पार्ने प्रभावलाई सामाजिक पुँजीको रूपमा प्रयोग गरेको छु । यहाँनेर सांकेतिक पुँजीलाई सांस्कृतिक र सामाजिक पुँजीको आयामको रूपमा पनि हेर्न सकिन्छ । तर मैले सांकेतिक पुँजीलाई मान, सम्मानको रूपमा प्रस्फुटित हुने शक्तिको अर्थमा प्रयोग गरेको छु ।[२] मान सम्मान तथा आदर ठाउँ र परिवेश सापेक्ष हुन्छन् । वि.सं. २०६२–२०६३ को जनआन्दोलनको सन्दर्भमा भएको नागरिक आन्दोलनको सफलतामा यी तीन ओटै पुँजीको प्रयोग भएको थियो, भन्ने देखाएको छु ।

लेखको तेस्रो खण्डमा नागरिक आन्दोलनकारीको आन्तरिक बुझाइ र स्व-पहिचानको चर्चा गरेको छु । नागरिक आन्दोलनमाथि गरिएका केही अध्ययनहरूले यसलाई स्थापित वा चलनचल्तीको नागरिक समाजको रूपमा नै प्रस्तुत गरेका छन् (शाह सन् २००८; हिटन-श्रेष्ठ र अधिकारी सन् २०१०) । वि.सं. २०६२–२०६३ को आन्दोलनको क्रममा राजाको शासनको विरुद्धमा देखा परेका सबै समूह र संगठनहरूलाई "नागरिक समाज" को एकै डालोमा राखेर हेरेका अध्येता सौभाग्य शाह (सन् २००८) ले, यी आन्दोलनको कुनै ठोस स्वरूप र पहिचान नहुने बताउँदै मात्र एक आदर्श भएको उनको धारणासँग असहमति जनाएको छु । नागरिक आन्दोलनमा चलनचल्तीको सांगठनिक क्षेत्रको अर्थ लाग्ने नागरिक समाज होइन, आन्दोलनको बेला प्रयोग गरिएको नागरिक संकथनको प्रधानता भएको देखाएको छु । नागरिक शब्द वा संकथन नै उक्त नागरिक आन्दोलनको पहिचान थियो र यसको स्थापना तथा आन्दोलन तत्कालीन समयमा अर्थपूर्ण र उद्देश्यपूर्ण थिए । त्यसकारण वि.सं. २०६२–२०६३ को विशिष्ट परिस्थितिमा नागरिक समाज र नागरिक संकथनलाई सापेक्ष रूपमा छुट्ट्याएर हेर्नु उपयुक्त हुने धारणा यो लेखमा राखेको छु ।

## शाही शासन, नागरिक समाज र नागरिक आन्दोलन

बढ्दो माओवादी विद्रोह र संवैधानिक समस्याका बीच माघ १९, २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले सत्ता हातमा लिएर प्रत्यक्ष शासन शुरू गरेपछि देशको राजनीतिले नयाँ मोड लिएको थियो । त्यो बेला आफूलाई "एक्काइसौँ शताब्दीको राजा" भन्दै ज्ञानेन्द्र शाहले संकटकाल घोषणा गरी सेनाको आडमा नागरिक अधिकारमाथि कडा बन्देज लगाएका थिए । पञ्चायतकालीन राजा जस्तै देशको सामाजिक र राजनीतिक क्षेत्रको शीर्ष तहमा आफूलाई स्थापित गर्नु उनको उद्देश्य भएको अनुमान गर्न गाह्रो थिएन । माथि उल्लिखित

[२] समाजका प्रभावशाली वर्गले आफ्नो सोचाइलाई कसरी सर्वमान्य बनाउने भन्ने अर्थमा सांकेतिक पुँजीलाई प्रयोग गरेको बोर्दुले बताएका छन् । तर यहाँ सांकेतिक पुँजीले सामाजिक आन्दोलनमा जनपरिचालन गर्ने अर्थ बोकेको छ, जुन बोर्दुको प्रयोगभन्दा केही फरक छ ।

राजाको कदम लगत्तै राजनीतिक दलहरूले शाही शासनको प्रतिरोध गर्न आह्वान त गरे, तर सडकमा सर्वसाधारणले ठूलो प्रदर्शन गरेनन् ।[३] उनीहरूमा संकटकालको भय थियो । पत्रकारहरूले मलाई बताए अनुसार, राजनीतिक दलहरूलाई त्यो बेला "खुच्चिङ" भन्ने सामान्य नेपालीहरू प्रशस्तै थिए । यसले दलहरू रनभुल्लमा परेका थिए ।

आफूलाई नागरिक समाज भनेर चिनाउँदै आएका ठुला गैससहरूसँग आबद्ध व्यक्तिहरू (यसपछि नागरिक समाजका अगुवा पनि लेखिएको) ले आफ्नो सम्पर्क र सम्बन्धमा रहेका अन्तर्राष्ट्रिय संस्था र क्षेत्रहरू परिचालन गर्नतिर लागे ।[४] उनीहरूमध्ये केही देशभित्रै थिए भने धेरै गिरफ्तारीबाट बच्न भारत र अन्य देशमा लुकेर बसेका थिए । लोकतन्त्र पुनर्बहालीको लागि मानवअधिकारवादी अगुवाहरूको निरन्तर प्रयासले गर्दा राजाले आफ्नो निरंकुश कदमका पक्षमा अन्तर्राष्ट्रिय सहयोग र समर्थन पाउन असफल भएका थिए ।[५] सोही बखत (चैत २०६१ को अन्तिम साता) मा संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोगले नेपालमा कार्यालय खोलेको थियो ।[६] मानवअधिकारवादीको दबाब र अन्तर्राष्ट्रिय सद्भावको अभावमा राजा ज्ञानेन्द्रले वैशाख १६, २०६२ मा संकटकालीन घोषणा फिर्ता लिन बाध्य भएका थिए । त्यसपछि वातावरण केही खुकुलो भएको त थियो तर काठमाडौँका अधिकांश स्थानलाई "निषेधित क्षेत्र" घोषणा गरिएको थियो ।

[३] कृष्ण पहाडी संलग्न मानवअधिकार तथा शान्ति समाजले माघ २८, २०६१ मा विरोध प्रदर्शन गरेको थियो । तर त्यसअघि माघ २७ मा नै पहाडी गिरफ्तारमा परेका थिए । पेसागत संगठन र विद्यार्थीले पनि फाट्टफुट्ट प्रदर्शन गरे पनि प्रभावशाली थिएनन् ।

[४] वि.सं. २०६२–२०६३ को जनआन्दोलनमा "नागरिक समाज" आखिरीतिर देखा परेको अध्येता सौभाग्य शाह (सन् २००८) को भनाइ त्रुटिपूर्ण छ ।

[५] नेपालको आन्तरिक राजनीति र ठुला राजनीतिक परिवर्तनमा भारतको भूमिका रहने गरेको छ । भारत सरकारले राजाको विरोधमा गठबन्धनमा रहेका तत्कालीन सात राजनीतिक दलहरू र विद्रोही माओवादी गठबन्धनको समर्थन गरेको थियो । यसको एउटा प्रमुख कारण, भारतमा तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहको गठबन्धन सरकारलाई भारतका कम्युनिस्ट पार्टीहरूको समर्थन हुनु थियो । किनभने तत्कालीन भारतीय कम्युनिस्ट पार्टी नेपालका कम्युनिस्ट पार्टीप्रति सहानुभूति राख्थे ।

[६] राष्ट्र संघीय मानवअधिकार आयोगको कार्यालय खोल्न र यसको प्रमुखको रूपमा "नेपालका मित्र" ठानिएका इयान मार्टिनलाई नियुक्त गर्न स्थापित नागरिक समाजका अगुवाहरूले तत्कालीन समयमा ठूलो भूमिका खेलेको दाबी गरेका छन् । मार्टिन सन् १९८० को दशकमा एम्नेष्टी इन्टरनेशनलको महासचिव थिए र त्यति बेला नेपालका धेरै मानवअधिकारवादीसँग उनको व्यक्तिगत चिनजान थियो ।

यसै बीचमा शाही शासनको प्रतिरोधमा राजनीतिक ध्रुवीकरण बढ्दै गएको थियो । देशमा तत्कालीन प्रमुख सातदलले नयाँ गठबन्धन गरेका थिए ।[७] वैशाख २५, २०६२ मा सातदलको गठबन्धनले “न्यूनतम साझा बिन्दु” तय गरी, “अग्रगमन” र “पूर्ण प्रजातन्त्र” लागि संघर्षको घोषणा गरे । यो माग राजाका शासनको विरुद्ध खडा भएका शक्तिहरूले राख्दै आइरहेका थिए । साथमा राजनीतिक दल र माओवादीबीच गठबन्धन हुनु ठीक कि बेठीक भन्ने बहस पनि चल्दै थियो । यता नागरिक समाजका केही अगुवाहरूले यी चर्का बहसमा कम भाग लिएका थिए । तर पछि नागरिक आन्दोलनमा सहभागी भएका नागरिक अगुवाहरूले भने गठबन्धनको लागि सिफारिस र समर्थन गर्दथे । गठबन्धन चाहने नागरिक अगुवाहरूको माओवादी र राजनीतिक दलबीच वार्ता पनि साथै चल्दै थियो ।[८] स्थापित राजनीतिक दललाई संविधान सभा र “राज्यको पुनर्संरचना” लगायतका मुद्दामा मनाउन उनीहरूको ध्यान थियो ।[९] विद्रोही माओवादीसँग समेत नागरिक अगुवाहरू निरन्तर सम्पर्कमा थिए । उनीहरूले माग सम्बोधन भएमा विद्रोही माओवादीहरू राजीतिक मूलधारमा आउने र संयुक्त आन्दोलनले शाही शासन अन्त गर्ने विश्वास गर्दथे ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति तत्कालीन राजाको प्रतिकूल र विरोधीहरूको अनुकूल हुँदै गएको थियो । राजा विरोधीहरूले यो अवसरलाई प्रस्ट देखेका थिए । तर पनि जनपरिचालनको प्रश्न पेचिलो थियो । वि.सं. २०४६ देखि नै राजनीतिक दलहरू भ्रष्टाचार र अव्यवस्थामा डुबेकाले उनीहरूको नेतृत्वमा जनता सडकमा आउँदैनन् कि भन्ने शंका राजा तथा राजा विरोधी पत्रकार, बुद्धिजीवी र दलका युवा कार्यकर्तालाई परेको थियो । राजनीतिक दलका नेताहरूलाई समेत यस्तै लागेको कुरा म सँगको अन्तर्वार्ताको क्रममा उनीहरूले स्वीकारेका थिए । राजाको शासनलाई चुनौती दिन लामो समयसम्म ठुलै

[७] केही मानवअधिकारवादी नेता, जस्तै कृष्ण पहाडीहरूले गणतन्त्रको नारा उठाउन थालेको दुई वर्ष जति भइसकेको थियो । विद्यार्थी नेताहरूले पनि गणतन्त्रका नारा लगाइरहेका थिए । केही विद्यार्थी नेताहरूले मलाई बताए अनुसार राजनीतिक दलहरूले चाहिँ यी नारालाई राजासँग मोलमोलाइ गर्ने माध्यमको रूपमा मात्र बुझेका थिए, अर्थात् गणतन्त्रको मुद्दालाई दलहरूले धेरै पछि मात्र स्वीकार गरेका थिए ।

[८] त्यो समयमा राजा ज्ञानेन्द्र शाह भने आफ्नै तालमा हिँड्दै थिए । वि.सं. २०६२ को शुरूका महिनामा मिडियाको स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका र गैससका नयाँ “आचारसंहिता” बारेमा चर्को बहस र विरोध हुँदै थियो ।

[९] यसको अर्थ यो होइन कि नागरिक आन्दोलनकारीले अन्तर्राष्ट्रिय शक्ति परिचालन गरेनन् । यहाँ मैले मूल प्रवृत्ति उल्लेख गर्न खोजेको हुँ । त्यति बेला नागरिक अगुवाहरूसँग बृहत् सञ्जाल थियो । कृष्ण पहाडीले अक्टोबर र नोभेम्बर २००५ मा युरोप र अमेरिकाको भ्रमण गरी आन्दोलनको पक्षमा पैरवी गरेका थिए (पहाडी २०६३) ।

संख्यामा आम जनता सडकमा आउनुपर्छ भन्ने सबैको अनुमान थियो । अब के गर्ने भन्ने अन्योलपूर्ण अवस्थामा नागरिक आन्दोलनको शुरूआत भएको थियो ।

"लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन" को नाममा केही बुद्धिजीवीहरू सडकमा आउने क्रममा केही घटना, मिति र प्रक्रिया महत्त्वपूर्ण छन् । जस्तो माघ २०६१ को संकटकालपछि राजनीतिक वातावरण केही खुकुलो भएको थियो । शाही शासन अन्तर्राष्ट्रिय दबाबमा थियो । वि.सं. २०६२ को शुरूतिर देश छोडेर गएकामध्ये धेरै बुद्धिजीवीहरू नेपाल फर्केका र केहीले अनामनगरस्थित नेपाल दक्षिण एसिया केन्द्र (नेसाक) मा जम्मा भई छलफल गर्न थालेका थिए । यो केन्द्र देवेन्द्रराज पाण्डेले वि.सं. २०४६ को राजनीतिक परिवर्तन लगत्तै शुरू गरेका थिए । यहाँ जम्मा हुने "पाका" व्यक्तिहरूमा देवेन्द्रराज पाण्डे, कृष्ण पहाडी, पद्मरत्न तुलाधर, खगेन्द्र संग्रौला, कृष्ण खनाल, डा. सरोज धिताल, दमननाथ ढुंगाना, डा. सुन्दरमणि दीक्षित, श्याम श्रेष्ठ, डा. महेश मास्के, आदि थिए । उनीहरू भिन्नभिन्न राजनीतिक विचारधारा राख्दथे तापनि शाही शासनको विरुद्धमा एक जुट थिए । अधिकांश व्यक्तिहरू वि.सं. २०४६ अघि देखि नै एक अर्कासँग व्यक्तिगत रूपमा परिचित थिए ।

अनामनगरस्थित नेसाकको भवनमै शान्तिका लागि साझा अभियान (कोक्याप) तथा वरिपरि पैदल दुरीमा रहेका मार्टिन चौतारी र मानवअधिकार तथा शान्ति समाज (ह्युर्पेस) जस्ता साना गैससहरूमा आबद्ध व्यक्तिहरू शाही शासनको विरुद्धमा एकजुट हुन्थे । शान्ति समाजसँग सम्बद्ध कृष्ण पहाडी जस्ता नाम चलेका मानवअधिकारवादी नेता पनि थिए । अनिल भट्टराई, दिनेश प्रसाईं जस्ता युवाहरू नेसाक र कोक्यापमा आबद्ध थिए । मार्टिन चौतारीमा विमल अर्याल, रमेश पराजुली, अनुभव अजित, भास्कर गौतम जस्ता युवाहरू थिए । विभिन्न संस्थासँग आबद्ध यी युवाहरू एक आपसमा साथी पनि थिए । अनिल भट्टराई र मार्टिन चौतारीका अनुसन्धाताले पहिले पनि वातावरण र कमैया विरुद्धको आन्दोलनमा भाग लिइसकेका थिए । धेरैले वि.सं. २०४६ को राजनीतिक परिवर्तनमा समेत भाग लिएका थिए ।

राजाको शासन असहिष्णु हुँदै जाँदा माथि उल्लिखित व्यक्तिहरू कार्यरत संस्थाको भविष्यको प्रश्न पनि गाँसिएको थियो । उदाहरणको लागि असोज २०५९ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारलाई अपदस्थ गरेपछि मार्टिन चौतारीले राजनीतिसँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई केही समयका लागि आफ्नो नियमित छलफलबाट हटाएको थियो । त्यो बेला शाही सरकारले पुस्तकको आयातमा कर समेत लगाएको थियो, जसले यी युवाहरूलाई क्षुब्ध बनाएको थियो । वि.सं. २०६१ मा राजाद्वारा गरिएको राजनीतिक "कू" ले भयको वातावरण सिर्जना गरेको सन्दर्भमा यी युवाहरू समेत वि.सं. २०६१ पछिका आन्दोलनको बहसमा सहभागी भएका

थिए, जो वि.सं. २०४६ पछिको खुला राजनीतिक वातावरणमा पनि विभिन्न आन्दोलनको बहसमा अभ्यस्त थिए ।

नागरिक आन्दोलनकारीसँग संघर्षको अनुभव थियो तर जन परिचालनको थिएन । यद्यपि आन्दोलनमा उनीहरूको सहभागिताले नमुना र प्रेरणाको काम गऱ्यो । त्यो बेला सडकमा आन्दोलन गर्न जाने छलफल हुँदै गर्दा देवेन्द्रराज पाण्डेलाई एक घटनाले घचघच्याएको थियो । सन् २००६ को *नेपाल मोनिटर*मा यसबारे पाण्डेको एक अन्तर्वार्ता प्रकाशित छ, जहाँ उनी भन्छन् :

> त्यो घटना साउन ४, २०६२ मा भएको थियो । सात दलको गठबन्धनले नेपाल प्रज्ञा प्रतिष्ठानमा राजाद्वारा विघटित प्रतिनिधि सभाको "सत्र" बोलाएका थिए । तत्कालीन राजनीतिक गठबन्धनका नेताहरू गिरिजाप्रसाद कोइराला, माधव नेपाल लगायतका सांसदहरू जब तोकिएको स्थानमा पुगे, तब उनीहरूलाई मूल ढोकामा नै रोकियो । त्यो बेला नेताहरूले विरोध जनाएको नाटक गरेर घर फर्के । म, मेरो युवा साथी अनिल भट्टराईसँग प्रज्ञा प्रतिष्ठानमा पुगेर त्यो दृष्य हेर्दै थिएँ । राजाको कदमबारे राजनीतिक दलहरूसँग कुनै ठोस सोचाइ र कार्यक्रम नभएकोमा हामी विल्कुलै निराश भयौँ । केही समयको छलफलपछि मेरा युवा साथी अनिलले शान्ति र प्रजातन्त्रको लागि जनताको सम्मेलन गर्नुपर्ने सुझाए । त्यो बेला मैले अनिललाई भनेको कुरा याद छ, "सम्मेलनको कुरा छोडौँ । यसलाई नागरिक आन्दोलन भनौँ । सात दलहरूको प्रेरणा र आशिर्वादलाई नकुरी सडकमा जाउँ ।" त्यस दिन दलका नेताहरू घर फर्केर अर्को "सत्र" साउन ११ मा चलाउने बताए । हामी साउन १० मा नै प्रतिबन्धित गरिएको रत्नपार्कमा प्रदर्शन गर्ने, रत्नपार्क र देशलाई अवैधानिक सत्ताबाट आफ्नो हातमा लिने विषयमा सहमत भयौँ । खासमा हाम्रो सोचाइ भोलिपल्ट हुन लागेको राजनीतिक दलहरूको कार्यक्रमलाई सहयोग गर्नु थियो ।[१०]

त्यति बेलै ६५ वर्षको उमेर पार गरिसकेका देवेन्द्रराज पाण्डेको भनाइले के देखाउँछ भने उनी लगायतका बुद्धिजीवीहरू राजनीतिक दलले जनपरिचालनको कुनै कार्यक्रम नल्याएकोमा चिन्तित थिए । त्यसो हुनाले राजाको "अवैधानिक" सत्तालाई सडकबाट "आफ्नो" हातमा लिने प्रण गर्दै प्रदर्शनको लागि राजदरबारबाट केही सय मिटर टाढाको प्रतिबन्धित स्थान, रत्नपार्कको छनोट गरे । साउन १० मा गरिने पहिलो प्रदर्शनको उद्देश्य भनेको साउन ११ मा राजनीतिक दलहरूले आयोजना गरेको विघटित प्रतिनिधि सभाको "सत्र" लाई सहयोग गर्नु थियो । यही समयमा आम मान्छेलाई जनताबाट "नागरिक" को पहिचान दिन खोजिएको थियो । यसरी साउन २०६२ मा नयाँ किसिमको आन्दोलनको शुरूआत भयो ।

[१०] हेर्नुहोस्, *नेपाल मोनिटर* (सन् २००६) । यसलाई अंग्रेजी मूलबाट भावानुवाद गरिएको हो ।

*नेपाल मोनिटर*को अन्तर्वार्तामा पाण्डे थप बताउँछन्, "हामीले छलफललाई अरू अगाडि बढायौँ र रत्नपार्कको प्रदर्शनमा भाग लिन अपिल गर्ने निर्णय भयो। वक्तव्यको खेस्रा त तयार भयो तर हाम्रो कुनै औपचारिक नाम थिएन। यसलाई 'लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन' नाम दिने सहमति भयो।"

यो नाममा "लोकतन्त्र" पहिले र "शान्ति" शब्द त्यसपछि राखिएको छ। म सँगको कुराकानीमा पाण्डे र अन्य नागरिक आन्दोलनकारीहरूले "लोकतन्त्र" पहिले र "शान्ति" पछि आउनुपर्ने कुरा जानी बुझिकन नै राखिएको बताएका थिए। "शान्ति" ले मात्र तत्कालीन समस्याबाट मुक्ति नपाउने हुँदा "शान्ति" भन्दा अगाडि नै "लोकतन्त्र" आवश्यक पर्ने विचार अगाडि सारिएको थियो। अन्य केही संस्थाले "शान्ति" शब्द आफ्नो नामको शुरूमा राखेका थिए।[११] तर उनीहरूभन्दा भिन्न तरिकाले नागरिक आन्दोलनको नामलाई अर्थपूर्ण बनाइएको थियो।

निर्धारित साउन १० मा "रत्नपार्क हाम्रो हो" भन्ने नाराका साथ रत्नपार्कमा प्रदर्शनको आयोजना गरिँदै थियो। जानी बुझिकनै यो नारा "सरल" बनाइएको थियो। तर नागरिक आन्दोलनकारीहरू जनसमर्थन पाइने कुरामा ढुक्क थिएनन्। राजदरबारबाट केही सय मिटर दूरीमा रहेको, तत्कालीन राजाकी आमा रत्नको नाममा स्थापित रत्नपार्कमा प्रदर्शन गरिनु आफैमा सांकेतिक प्रतिरोध थियो। मलाई कुराकानीमा बताइए अनुसार उक्त दिनमा परिचित व्यक्तित्वहरू स्वतःस्फूर्त रूपमा प्रदर्शनमा भाग लिन आएका थिए। उक्त प्रदर्शनमा भाग लिएका एक आन्दोलनकारीका अनुसार नागरिक आन्दोलनकारीहरू "सामान्य नेपालीको समर्थन" देखेर निकै उत्साहित भएका थिए। सडकको पेटीमा सामान्य नेपालीहरूले ताली बजाइरहेका र निरंकुशताको विरुद्धमा नारा पनि लगाइरहेका थिए। देवेन्द्रराज पाण्डे, अरूणा उप्रेती, कनकमणि दीक्षित, श्याम श्रेष्ठ, कृष्ण पहाडी, पद्मरत्न तुलाधर र मल्ल के सुन्दर लगायतका २६ जना परिचित बुद्धिजीवीलाई त्यो दिन प्रहरीले गिरफ्तार गरेको थियो। आन्दोलनकारीहरूको भाषामा रत्नपार्क प्रदर्शन "सफल" भएको थियो।

वि.सं. २०५८ मा संकटकाल लागेदेखि नै सरकार विरुद्ध लगातार आन्दोलनमा रहेका पत्रकारहरूको भूमिकाबारे पनि नागरिक आन्दोलनको सन्दर्भमा चर्चा गर्नु आवश्यक हुन्छ। साउन १० मा रत्नपार्कमा प्रदर्शन हुनु अगावै यसको व्यापक प्रचार गरिएको

[११] बढ्दो माओवादी विद्रोहको कारणले "शान्ति" शब्द एकदमै प्रयोग हुँदैआएको अवस्था थियो। जस्तै, चैत २०६० मा छ ओटा पेसागत संगठनहरूले शान्ति र प्रजातन्त्रका लागि पेसागत सञ्जाल (पापड) को गठन गरेका थिए। यसमा नेपाल बार एशोसिएशन, नेपाल पत्रकार महासंघ, नेपाल मेडिकल एशोसिएशन, नेपाल प्राध्यापक संघ, नेपाल इञ्जिनियर्स एशोसिएशन, नेपाल शिक्षक संगठन जस्ता शक्तिशाली संगठनहरू आबद्ध थिए। पापडको नाममा शान्ति शब्द "प्रजातन्त्र" भन्दा पहिले राखेको देखिन्छ।

थियो ।[१२] प्रदर्शनको अघिल्लो दिन साउन ९ मा देवेन्द्रराज पाण्डेको नामबाट प्रदर्शनमा भाग लिन गरिएको आह्वान देशकै सबैभन्दा बढी बिक्री हुने *कान्तिपुर* दैनिकको विचार पृष्ठमा छापिएको थियो । लेखकको परिचयमा देवेन्द्रराज पाण्डेलाई वि.सं. २०४६ पछिको अन्तरिम सरकारका मन्त्री भनी सम्झना गरिएको थियो ।

भोलिपल्ट धेरैजसो पत्रपत्रिकाहरूले—राजाले सत्ता हातमा लिए पछिको सबैभन्दा ठूलो प्रदर्शन भन्दै बढाइचढाइ गरी लेखेका थिए । यसै गरी दुई जना भूतपूर्व मन्त्री देवेन्द्रराज पाण्डे र पद्मरत्न तुलाधर सम्मिलित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले "दुर्व्यवहार" गरेको कुरालाई पत्रपत्रिकाले प्राथमिकताका साथ छापे । प्रहरीले लाठी बर्साउँदै गरेका तस्बिरहरू प्राथमिकताका साथ छापिए । स्वयं आन्दोलनरत पत्रकारहरूको उद्देश्य राजाको कदमलाई मानवअधिकार विरोधी कार्यको रूपमा देश र विदेशमा प्रस्तुत गर्नु थियो । त्यसै गरी प्रहरी दमनले आन्दोलनलाई समर्थन र सहानुभूति बढोस् भन्ने पनि थियो । वास्तवमा, ठूलो संख्यामा गिरफ्तारी दिएर शाही शासनलाई "नांगो" र "लज्जित" बनाउने यो प्रदर्शनको एउटा मुख्य उद्देश्य थियो, भनेर एक नागरिक आन्दोलनका अगुवाले मलाई बताएका थिए । "अवैधानिक" मानिएको सत्ताले गर्ने सीमित-दमनले समेत प्रतिरोध झन् बढाएको विभिन्न अध्ययनले देखाएका छन् (अप र रोइह्ल सन् १९९०) । यसै अनुसार साउन १० को प्रदर्शन र प्रहरीको "दुर्व्यवहार" ले "लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन" लाई ठूलो प्रचार मिल्यो र यो एक "ब्रान्ड" को रूपमा उदायो ।

नागरिक आन्दोलन "ब्रान्ड" को रूपमा उदाउनुमा मिडियाको पनि ठूलो समर्थन थियो। साथै कार्यक्रममा सर्वसाधारणको उपस्थितिले नागरिक अगुवाहरू उत्साहित भएका थिए। त्यसपछि अर्को थप प्रदर्शन र आम सभा साउन २१, २०६२ मा काठमाडौँ बानेश्वरमा गर्ने निर्णय भयो । बानेश्वर सभामा पनि नागरिकको भव्य उपस्थिति भयो । आन्दोलनकारी सँगको कुराकानीमा सबैजसोले बानेश्वरको उपस्थिति नागरिक आन्दोलनको प्रमुख घटना भएको बताएका थिए । अन्दाजी १०,००० जति मानिसले भाग लिएको प्रदर्शन र सभा माघ १९, २०६१ मा राजाले सत्ता हातमा लिए पछिको सबैभन्दा ठूलो विरोध प्रदर्शन थियो । मलाई नागरिक अगुवाहरूले बताए अनुसार, बानेश्वर सभाको सफलतापछि नागरिक आन्दोलनका अगुवाहरूलाई काठमाडौँ बाहेक देश भरिबाट निमन्त्रणाको ओइरो

[१२] वि.सं. २०६२–२०६३ को आन्दोलनभर पत्रकार र आन्दोलनकारीहरूको विज्ञापन पत्रिकामा "नि:शुल्क" गरिएको थियो ।

लाग्न थालेको थियो । नागरिक आन्दोलनको परिवर्तनकामी नाराहरू र जनपरिचालनले दलहरूलाई पनि प्रभावित पार्न थालेको थियो ।[१३]

नागरिक आन्दोलनकारीहरूको देशव्यापी सभा र प्रदर्शन हुँदै गर्दा माघ २०६२ मा देवेन्द्रराज पाण्डे र कृष्ण पहाडी गिरफ्तार गरिए । त्यसपछि नागरिक आन्दोलनको "नेतृत्व" डा. महेश मास्के र प्रा. कृष्ण खनालले सम्हालेका थिए । मास्के र खनाल दुवै राजनीतिक दलहरूका सदस्य थिए ।[१४] यी दुई नेताहरू नेतृत्वमा आइसकेपछि नागरिक आन्दोलनले बढी "खुला" नीति लिएको थियो । राजनीतिक दलहरू प्रभावी हुन थालेका थिए । सातदलहरूले माओवादीसँग वार्ता गर्ने निर्णय र १२ बुँदे सम्झौतापछि राजनीतिक दलहरूले पनि ठुला प्रदर्शन गर्न थालेका थिए । मंसिर २०६२ मा १२ बुँदे सम्झौता भइ दलहरूले संयुक्त आन्दोलनको घोषणा गरिसकेको अवस्थामा नागरिक आन्दोलनले खुला नीति लिनु कुनै आश्चर्यको विषय भएन । त्यसपछि स्वाभाविक रूपमा नै मिडियाले पनि राजनीतिक दलहरूलाई नै बढी प्राथमिकता दिन थाले ।

सबैका आँखा चैत २४, २०६२ देखि हुन लागेको "दोस्रो जनआन्दोलन" मा गएको थियो । राजाको प्रत्यक्ष शासन विरुद्धको आन्दोलनताका नागरिक आन्दोलनसँग सम्बद्ध धेरै अगुवा र युवाहरू जेलभित्रै थिए र भित्रैबाट उनीहरूले बेलाबेलामा वक्तव्य जारी गरेका थिए । जेल बाहिर हुनेहरूले विशेषत: "राजाको अवैधानिक कर्फ्यु" तोडी प्रदर्शन

[१३] दलका नेताहरूले मलाई कुराकानीमा बताए अनुसार, नेपाली काँग्रेस, तत्कालीन नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी माओवादीका बैठकहरूमा नागरिक समाजको आन्दोलनबारे बारम्बार चर्चा चल्थ्यो । कतिपय महत्त्वपूर्ण निर्णय गर्दा नेपाली काँग्रेस र एमालेले "नागरिक समाज" को दृष्टान्त दिन थालेका थिए । यस अर्थमा नागरिक समाजको संकथनले दलहरूलाई कठिन निर्णय लिन सहज बनाइदिएको थियो । उनीहरूले नयाँ संकथन र कथ्य पाएका थिए । नेपाली काँग्रेसले आफ्नो स्थापना कालदेखि मान्दैआएको "संवैधानिक राजतन्त्र" को सिद्धान्तलाई भदौ २०६२ मा त्यागेको थियो । पार्टीका नेता रामचन्द्र पौडेलले पार्टीको सो निर्णय "नागरिक समाज" को दृष्टिकोणलाई मध्यनजर राखेर गरिएको बताएका थिए । नागरिक आन्दोलनको कारणले राजनीतिक दलहरूलाई परिवर्तनकामी हुन प्रेरणा दियो वा "बाध्य" पार्‍यो भन्न सकिन्छ । एक वरिष्ठ नागरिक अगुवाका अनुसार, नागरिक आन्दोलन नयाँ राजनीतिक दलको रूपमा त आउने होइन, भन्ने भय समेत दलहरूलाई थियो । भूमिगत माओवादीहरूलाई समेत "नागरिक समाज" शब्दको प्रयोग जँचेको थियो । जस्तै: असोज १८, २०६२ मा माओवादीहरूले युद्धविराम घोषणा गर्दै जारी गरेको वक्तव्यमा "सात दल र नागरिक समाजसँग माओवादी पार्टीको सकारात्मक अन्तरक्रिया" भएको बताइएको थियो ।

[१४] वि.सं. २०६२–२०६३ को आन्दोलनताका कृष्ण खनाल नेपाली काँग्रेसको सदस्य थिए भने महेश मास्के नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र) का सल्लाहकार थिए । मास्के संलग्न पार्टी सन् २००९ मा माओवादी पार्टीमा मिसिएको थियो ।

गरेका थिए । अन्तत: जनआन्दोलनले विशाल स्वरूप लियो र वैशाख ११, २०६३ मा राजाले दलहरूसँग सम्झौता गरे । आन्दोलनबाट पुनर्स्थापित प्रतिनिधि सभाले राजाको अधिकारहरूलाई निलम्बन गऱ्यो र वि.सं. २०६५ मा नवनिर्वाचित संविधान सभाको पहिलो बैठकले नेपालमा २५० वर्ष पुरानो राजतन्त्रको अन्त गऱ्यो ।

## नागरिक आन्दोलनको शक्ति

साउन २०६२ मा स्थापना भएको र देशव्यापी संगठन नभएको नागरिक आन्दोलनले जनपरिचालन गर्न र यत्रो चर्चा पाउन कसरी सम्भव भयो ? यसबारेमा धेरै नागरिककर्मीले मलाई "स्वत:स्फूर्त" जनसहभागिता उल्लेखनीय भएको बताएका थिए । उनीहरूको आफ्नो कुनै संगठन र नेतृत्व "नभएको" दोहोऱ्याउँथे । कोही चाहिँ आफ्नो "खुकुलो संगठन" भएको सम्म स्वीकार्थे । तर नागरिक आन्दोलनको नेतृत्व, रणनीति र सञ्जाल अध्ययन गर्दा जनपरिचालन स्वत:स्फूर्त भएको थिएन, बरु कसरी सामाजिक, सांस्कृतिक र सांकेतिक पुँजीहरू परिचालन भएका थिए भन्ने यहाँ देखाएको छु ।

यो आन्दोलनको नेतृत्वमा देशका नाम चलेका व्यक्तित्वहरू सामेल थिए । यीमध्ये अधिकांशले मूलधारको राजनीतिबाट केही दुरी कायम गरेका थिए । अथवा दैनिक राजनीतिमा देखा नपर्ने भूतपूर्व राजनीतिज्ञ, डाक्टर, प्राध्यापकहरू थिए । यी व्यक्तित्वसँग विभिन्न मात्रामा सामाजिक, सांस्कृतिक र सांकेतिक पुँजी थिए (बोर्दु सन् १९८४, सन् २००१; बोर्दु र वाक्वान्ट सन् २०१३) । अर्थात्, संगठनमा पोख्त नभए पनि धेरै नागरिक अगुवाहरू राजनीतिको "खेलमा" चाहिँ अभ्यस्त थिए । अरूहरूमा सामाजिक र सांकेतिक पुँजी थियो । यी पुँजीहरूले संगठनको अभावलाई पूरा गरेका थिए ।

प्रस्ट देखिने परम्परागत र औपचारिक श्रेणीगत संगठन नागरिक आन्दोलनमा नभए पनि नेतृत्व नभएको चाहिँ होइन । मलाई कुराकानीमा बताइए अनुसार, नागरिक आन्दोलनको गठन भए लगत्तै वक्तव्यमा कसले सही गर्ने भन्ने छलफल भएको थियो । छलफलबाट देवेन्द्रराज पाण्डे, कृष्ण पहाडी र डा. मथुरा श्रेष्ठको नाम राख्ने निर्णय भएको थियो ।[१५] पाण्डे, पहाडी र डा. श्रेष्ठले वि.सं. २०४६ को जनआन्दोलन र सन् १९८० को दशकको मानवअधिकार आन्दोलनमा सँगै काम गरेका थिए । यता केही "नीतिगत असहमति" देखाउँदै डा. मथुरा श्रेष्ठ केही समयपछि नागरिक आन्दोलनबाट बाहिरिए । त्यसपछि आन्दोलनको "नेतृत्व" वा हस्ताक्षरकर्ताको रूपमा पाण्डे र पहाडी अगाडि आए ।

[१५] कृष्ण पहाडी र डा. मथुरा श्रेष्ठ दुवै उक्त सभामा उपस्थित थिएनन् तर दुवैले पछि सहमति जनाए । डा. श्रेष्ठ वामपन्थी झुकाव राख्ने बुद्धिजीवी हुन् । उनी देवेन्द्रराज पाण्डेसँगै वि.सं. २०४६ पछि गठन भएको अन्तरिम सरकारका मन्त्री थिए ।

पाका उमेरका देवेन्द्रराज पाण्डेलाई "नीति निर्माता" का रूपमा मान्न थालियो । संयुक्त राज्य अमेरिकाबाट विकास अर्थशास्त्रमा विद्यावारिधि गरेका देवेन्द्रराज पाण्डे केही चर्चित पुस्तक (पाण्डे सन् २००० र सन् २०११) का लेखक पनि हुन् । साथै, केही वर्ष अगाडिसम्म उनी भ्रष्टाचार विरोधी संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलसँग सम्बन्धित थिए । पाण्डे सन् १९८० को दशकमा मानवअधिकार आन्दोलनमा सक्रिय थिए । वि.सं.२०३६ को जनमतसंग्रह लगत्तै अर्थ सचिवबाट राजीनामा गरेका उनी "स्वच्छ" व्यक्तिका रूपमा परिचित थिए । तत्कालीन नेकपा माओवादीका नेता डा. बाबुराम भट्टराईसँग पनि पाण्डेको चिनजान र मित्रवत सम्बन्ध सन् १९८० को दशकदेखि नै थियो । यसै गरी मुख्य राजनीतिक दलका प्रमुख नेताहरूसँग उनको पहुँच थियो । तत्कालीन समयमा परिवर्तनकामी मानिएका विभिन्न दलका नेताहरू जस्तै, नरहरि आचार्य, प्रदीप गिरि, प्रदीप ज्ञवाली आदिसँग उनी निरन्तर सम्पर्कमा थिए । यस हिसाबले पाण्डे राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जालको केन्द्रमा थिए ।

उमेरले चालिसको दशकमा हिँड्दै गरेका कृष्ण पहाडी पनि सन् १९८० को दशकको आखिरीदेखि मानवअधिकार आन्दोलनमा सक्रिय थिए । उनले एम्नेष्टी इन्टरनेशनलको नेपाल शाखा स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए । नेपाली काँग्रेससँग नजिक भए तापनि उनले केही वर्ष पहिले नै पार्टी त्यागेका थिए । प्रखर युवा वक्ता पहाडीले केही वर्ष अगाडिदेखि नै मानवअधिकार तथा शान्ति समाजमा संलग्न रहेर समानता र जनपरिचालनमा आधारित संगठन सञ्चालनको अभ्यास गर्दै थिए । सन् २००० ताका नै विदेशी सहयोग नलिने भनेर पहाडी चर्चामा आएका थिए । मानवअधिकारवादीहरूले प्रतिवेदन लेख्ने हैन जनपरिचालन गर्नुपर्छ भन्ने मान्यता राख्थे, कृष्ण पहाडी । उनी संलग्न शान्ति समाजले सर्वनाम नाट्य समूहसँग मिलेर जनपरिचालनको काम गर्दैआएको थियो । पहाडीलाई माघ २७, २०६१ मा गिरफ्तार गरिएको समाचार विश्वका प्रमुख मिडियाहरूले उठाएका थिए । त्यति बेला एम्नेष्टी इन्टरनेशनलले "अर्जेन्ट एक्सन" को विज्ञप्ति जारी गरेको थियो । उनको गिरफ्तारीको ब्रिटिश संसद्मा समेत चर्चा भएको थियो । असोज २०५९ मा राजाले देउवा सरकार अपदस्थ गरेदेखि नै उनले नेपालमा गणतन्त्रको वकालत गर्दै आएका थिए । वि.सं. २०६१ मा राजाको प्रत्यक्ष शासन लागू हुनुअघि गणतन्त्रको सार्वजनिक समर्थन गर्ने माओवादीका नेता तथा बुद्धिजीवी बाहेक अरू एकदमै कम थिए । यस्तो बेला उनलाई "गणतन्त्रको आगो ओकल्ने" व्यक्तिको रूपमा धेरैले चित्रण गर्दथे । अर्थात्, पाण्डे जस्तै पहाडी समेत सामाजिक, सांस्कृतिक र सांकेतिक पुँजीका धनी थिए ।

आन्दोलनताका मिडियामा पहाडीबारे थरी थरीका हल्ला चले वा चलाइएका थिए । एक आन्दोलनकारीका अनुसार, कसै कसैले त उनको चिनामा नेपालको पहिलो राष्ट्रपति हुने लग्न भएको समेत बताएका थिए । उसै गरी पहाडीका हजुरबाले उनी नेपालको पहिलो राष्ट्रपति बन्ने भविष्यवाणी गरेका थिए । पहाडीसँग नजिक रहेका एक अधिकारकर्मीका

अनुसार धेरै सर्वसाधारणले उनी नेपालको पहिलो राष्ट्रपति हुने कुरा पत्याएका थिए। पँहेलो रंगको पोशाक लगाउने र लामा दाह्री जुंगा पालेका पहाडीलाई ऋषिमुनि जस्तै "त्यागी" र "निस्वार्थी" व्यक्तिको रूपमा चित्रित गरिएको थियो। उनको "आध्यात्मिक शक्ति" को बारेमा समेत हल्ला चलेका थिए। जस्तै, अक्टोबर २००५ मा एक इटालियन अधिकारकर्मीले उनलाई "आधुनिक सन्यासीको संज्ञा" दिएको पहाडीले लेखेका छन् (पहाडी २०६३ : ४९)। त्यसै गरी उनको अविवाहित अवस्थालाई पनि त्याग र रहस्यका रूपमा व्याख्या गरिएको थियो। एक जना आन्दोलनकारीको भनाइमा पहाडी "भविष्यद्रष्टा" समेत थिए। जस्तै, नागरिक सभाहरूमा पहाडीले वर्षा हुने सम्भावनाबारे गरेको "भविष्यवाणी" धेरैपटक मिलेको ती आन्दोलनकारीले मलाई सुनाएका थिए। प्रस्ट वक्ता पहाडीलाई पत्रपत्रिकाले पनि आन्दोलनका तस्बिरहरूमा प्राथमिकता दिन्थे।

कृष्ण पहाडी र देवेन्द्रराज पाण्डेसँग भएका सामाजिक, सांस्कृतिक र सांकेतिक पुँजीलाई आन्दोलनको दौरानमा मिडियाले थप विस्तार गर्न सघाएको थियो। उनीहरू लोकतन्त्रको पक्षधर थिए, स्थापित राजनीतिक दलसँग टाढिएको लामो समय भइसकेको थियो। त्यसकारण उनीहरू ध्रुवीकृत राजनीति र समाजमा "निष्पक्ष" देखिन्थे। साउन २१, २०६२ मा बानेश्वरमा भएको सभामा पहाडी र पाण्डेले आन्दोलन सफल भएपछि "कुनै पद स्वीकार नगर्ने" घोषणा गर्दै राजनीतिक दलहरूले नै भविष्यमा देशको नेतृत्व गर्नुपर्ने बताएका थिए। यसले नागरिक आन्दोलन अर्को लोकप्रिय दल नबन्नेमा राजनीतिक दलहरूलाई पारेको आश्वस्त थियो। निष्पक्षता र त्यागको घोषणाले उनीहरूको सांकेतिक पुँजीलाई झनै बढाइदिएको थियो।[१६] पत्रकारहरूले मलाई बताए अनुसार उनीहरूले जानी बुझिकन नै नागरिक आन्दोलनमा पहाडी र पाण्डेको समर्थन र प्रचार गरेका थिए। यसको कारण थियो, धेरै पत्रकार तथा गैससहरू समेत राजनीतिक दलहरूजस्तै यथास्थितिवादी र "बदनाम" भएकोले जनपरिचालन गर्न नसक्ने सोच्दथे। त्यसकारण नागरिक आन्दोलनमा उनीहरूको भरोसा र विश्वास बढेको थियो। जसले गर्दा पाण्डे र पहाडीको व्यक्तित्व र जीवनीबारे पत्रपत्रिकाहरूले खुबै चर्चा गरेका थिए। नागरिक आन्दोलनको दुई वर्षपछि मैले कुराकानी गरेको अधिकांश सर्वसाधरणहरूले "नागरिक समाज" का व्यक्तिका रूपमा मूलत: पाण्डे र पहाडीलाई सम्झेका थिए। पाण्डे र पहाडी लगायत नागरिक आन्दोलनका प्रमुख व्यक्तिहरूलाई त्यो बेला, "नागरिक अगुवा" को रूपमा चिनाइएको थियो।[१७] यी

[१६] देवेन्द्रराज पाण्डे र डा. मथुरा श्रेष्ठ वि.सं. २०४६ को आन्दोलन पश्चात् गठित मन्त्रिपरिषद्मा रहेकाले उनीहरू फेरि मन्त्री बन्न आन्दोलनमा लागे, भन्ने अर्थ नलागोस् भनेर पनि यो "त्याग" को घोषणा महत्त्वपूर्ण थियो।

[१७] "अगुवा" शब्दले प्रचलित शब्द "नेता" भन्दा फरक अर्थ दिन्छ। अगुवा शब्दले नेपालको ग्रामीण परिवेशलाई समेट्छ। यसलाई अपरिचित ठाउँमा यात्रा गर्दा बाटो देखाउने व्यक्तिको रूपमा

अगुवाको सांकेतिक पुँजीले नागरिक आन्दोलनको जनपरिचालनमा ठूलो भूमिका खेलेको हुनु पर्दछ ।

नागरिक आन्दोलनमा जोडिएका थापाथली र अनामनगर क्षेत्रका केही साना गैससहरूको आबद्धताले नागरिक आन्दोलनलाई फोन, फोटोकपी, सभाहल, फ्याक्स जस्ता भौतिक स्रोत जुटाउन सहयोग मिलेको थियो । साथै, यी संस्थासँग सम्बद्ध अनुसन्धाता, स्वयंसेवक तथा संस्थाहरूको सञ्जाल पनि उत्तिकै महत्त्वपूर्ण थियो । यी बाहेक लेखक, विभिन्न राजनीतिक दलसँग सम्बद्ध त्यस समयका परिवर्तनकारी र जुझारु युवा तथा विद्यार्थी नेता जस्तै गगन थापा, योगेश भट्टराई, रामकुमारी झाँक्री लगायत, पत्रकार तथा सामाजिक अभियन्ताहरूले मार्टिन चौतारीले चलाउने नियमित छलफल शृंखलाहरूमा भाग लिएका थिए । उनीहरू चौतारीका अनुसन्धातासँग परिचित पनि थिए । मार्टिन चौतारी मिडिया अनुसन्धानको क्षेत्रमा अग्रणी संस्था भएकोले चौतारीका युवा अनुसन्धाताले पत्रकारहरूसँग सम्बन्ध बढाउन सेतुको काम गरेका थिए । त्यस खालको सम्बन्ध नागरिक आन्दोलनको संकथन निर्माण र जनपरिचालनमा सहयोगी भएको थियो । त्यसै गरी मिडिया र पेसागत संगठन बाहेकका, जनजाति, महिला र अपांगता आन्दोलनमा सहभागी व्यक्तिहरूलाई नागरिक आन्दोलनमा सहभागी गराउन यी सम्पर्क र सम्बन्धले महत्त्वपूर्ण भूमिका खेलेका थिए । नागरिक आन्दोलनको आफ्नै संगठन नभएकोले काठमाडौँ बाहिरका कार्यक्रमहरू भने अन्य संघ-संगठनहरूले आयोजना गरेका थिए ।[१८]

आफ्नै ठूलो संगठन नहुनु झट्ट हेर्दा कमजोरी लाग्न सक्छ तर यसलाई अवसरको रूपमा पनि बुझ्न सकिन्छ । आफ्नो संगठनको स्थायित्वबारे सोच्न नपरेको, राजनीतिक दलहरूसँग तुलनात्मक रूपमा टाढा रहेको र सांगठनिक अभ्यासले पैदा गर्ने बन्धनबाट मुक्त हुनाले नागरिक आन्दोलनलाई चर्का नारा लगाउन र नयाँ कथ्य सिर्जना गर्न सजिलो थियो । औपचारिक संगठन नभएकोले नागरिक आन्दोलनको कार्यकारी पदहरूमा प्रतिस्पर्धा हुन पाएन । यसले आन्दोलनलाई एक बनाउन सहयोग गर्‍यो ।

---

बुझ्न सकिन्छ । यसमा नेता शब्द चाहिँ राजनीतिक दलका नेताहरूलाई मात्र प्रयोग गरिएको थियो । उल्लिखित आन्दोलनको सन्दर्भमा अगुवाको भाषाले नेता भ्रष्ट र अगाडिको बाटो देखाउन असमर्थ हुन् भन्ने अर्थ दिएको थियो ।

[१८] काठमाडौँ बाहिरका पत्रकार र वकिलहरूले "नागरिक समाज" को सभा र प्रदर्शनहरूको आयोजना गरेका थिए । मैले पढेका केही प्रचार सामग्रीहरूमा ती कार्यक्रम नागरिक अभियान, लोकतन्त्र र शान्तिका लागि नागरिक अभियान, लोकतन्त्र र शान्तिका लागि नागरिक समाजको सञ्जाल आदिले आयोजना गरेको लेखिएको हुन्थ्यो । यी समूह र संगठन को थिए भन्ने ठम्याउन सजिलो छैन ।

अर्कोतिर पेसागत संगठनका आफ्नै सांगठनिक बन्धन थिए । नागरिक आन्दोलन जस्तो गणतन्त्रको वकालत गर्ने हैसियतमा उनीहरू थिएनन् । कतिपय नेताहरूले म सँगको कुराकानीमा आफू "कानूनी रूपमा दर्ता भएको संगठन" भएकोले आफ्ना पनि सीमाहरू भएको बताएका थिए । जस्तो गैसस महासंघमा सम्बद्ध राजावादीहरूको धारणालाई पनि सम्मान गर्नुपर्ने आफ्नो "बाध्यता" भएको एक जना गैससका वरिष्ठ व्यक्तिले बताएका थिए ।[१९] राजावादीहरूले समेत आन्दोलनलाई सघाएको हुनाले पेसागत संगठनहरू नागरिक आन्दोलन जस्तो सार्वजनिक रूपमा परिवर्तनकामी हुन सक्दैनथे ।[२०] जो परिवर्तनकामी थिए, उनीहरूले आफ्नो संगठनको परिचयलाई गौण बनाएका थिए । यसरी विभिन्न विचारधारा बोक्ने परिवर्तनकामीहरूलाई नागरिक आन्दोलनले स्थान र संकथन दुवै दिएको थियो ।

तत्कालीन राजनीतिक परिस्थितिले समेत नागरिक आन्दोलनलाई साथ दिएको थियो । कार्यकारी अधिकार लिएका तत्कालीन राजा र राजनीतिक दलहरूको द्वन्द्वात्मक राजनीतिक सम्बन्ध उत्कर्षमा पुग्दै गएको अवस्थामा नागरिक आन्दोलन जन्मिएको थियो । वि.सं. २०५८ मा ज्ञानेन्द्र शाह हठात् राजा हुनुअघि समेत लोकप्रिय थिएनन् । एकतिर, जेठ १९, २०५८ को दरबार हत्याकाण्डमा जिम्मेवार रहेको आरोप उनले खेप्नुपरेको थियो । गणतन्त्र घोषणापछि राजदरबार छोड्ने दिनमा दिएको वक्तव्यमा आफूमाथि सो आरोप लगाइएको उनले घुमाउरो पाराले उल्लेख गरेका थिए । अर्कोतिर, वि.सं. २०६२–२०६३ को जनआन्दोलनले नेपालको राजनीतिक इतिहासलाई नै पुनर्व्याख्या गरेको थियो, जसमा राजदरबारलाई "खलनायक" को रूपमा उभ्याइएको थियो । यो बेला माओवादीहरूले समेत गणतन्त्र र संविधानसभाको मागलाई गाउँगाउँमा पुऱ्याएका थिए । देशका नाम चलेका र पहुँच भएका निजी रेडियो, टिभी र पत्रपत्रिकाहरूले आन्दोलनको समर्थन गरेकाले परिवर्तनकामी सन्देश गाउँघरसम्म विस्तार भएको अवस्था थियो ।

नागरिक आन्दोलनमा पनि गणतन्त्रको नारा उठ्न थालेको थियो । आन्दोलनकारीहरूको भनाइमा कृष्ण पहाडीको लोकप्रियताको प्रमुख आकर्षण उनको गणतन्त्रको चर्को वकालत थियो । एक नागरिक अगुवाले मलाई बताए अनुसार सभाहरूमा शुरूमै वक्ता बनाएमा पहाडीको भाषण सुनेपछि श्रोताहरू सभा छोडेर जाने भएकोले उनलाई प्राय: अन्तिम वक्ताको रूपमा राखिन्थ्यो । कतिपय सभामा कृष्ण पहाडीलाई गणतन्त्रका भाषण गर्न समय दिनुपर्ने भन्दै सहभागीहरूले हो-हल्ला समेत गरेका उदाहरण थिए । सभामा यदि वक्ताहरूले राजासँग मिलेर जानुपर्ने वा वार्ता गर्नुपर्ने प्रसंग उठाएमा, सहभागीले हल्ला

[१९] सात ओटा पेसागत संगठनहरूको सञ्जाल (पापड) ले चैत २०६० मा जारी गरेको एक वक्तव्यमा राजा, दल र माओवादीहरूले वार्ता गरी समझदारीमा पुग्नुपर्ने बताइएको थियो ।

[२०] वि.सं. २०६२–२०६३ को जनआन्दोलनको सन्दर्भमा गणतन्त्र र संविधानसभाको मुद्दालाई खुलेर पैरवी गर्नेलाई मैले परिवर्तनकामी भनेको हुँ ।

गरेर विरोध गर्दथे । नागरिक आन्दोलनले यसरी राजा विरोधी परिवर्तनकामी संकथनको विस्तार पनि गर्दै गयो । त्यो बेला नागरिक आन्दोलनका चर्का नारा र नवीन कथ्यहरूले युवा आन्दोलनकारी र सर्वसाधरण जनतालाई समेत छोएको अनुमान गर्न सकिन्छ ।

## नागरिक आन्दोलन, नागरिक समाज र नागरिक संकथन

मिडिया र सर्वसाधरणमाझ नागरिक समाज भनेर चिनिए पनि नागरिक आन्दोलन भित्रको परिभाषा चाहिँ फरक थियो । सन् १९९० को दशकको मध्यदेखि स्थापित गैससहरूले आफूलाई नागरिक समाजको रूपमा चिनाउन थालेका थिए र उनीहरूले त्यसो गरेको मन नपराउनेहरू धेरै थिए (तामाङ सन् २००२; पाण्डे २०५८; शाह सन् २००२; वन्त २०५८) । विशेषत: नागरिक आन्दोलनका युवाहरू स्थापित भइसकेका गैससलाई, "तथाकथित नागरिक समाज" भन्दै खिस्याउँथे । आन्दोलनको समय र साझा लक्ष्य भएर हुनसक्छ कृष्ण पहाडी र देवेन्द्रराज पाण्डे भने उनीहरूसँग केही व्यावहारिकता देखाउँथे । तर पनि पाण्डेले म सँगको कुराकानीमा आफूहरूलाई मिडियाले "अरू जस्तै नागरिक समाज" भनेकोमा असन्तोष जनाएका थिए । यसको मतलव स्थापित नागरिक समाज अर्थात् गैससहरूलाई लाग्ने गरेका आरोपबाट नागरिक आन्दोलन टाढा बस्न चाहन्थ्यो ।

नागरिककर्मीहरू आफूलाई "स्वत:स्फूर्त" नागरिकहरूको समूह भनेर परिचित गराउँथे । उनीहरू आफूलाई चेतनशील, आलोचनात्मक र जिम्मेवार "नागरिक" भएको पनि बताउँथे । कसैकसैले आफूहरू "संसारभर देखिने मध्यम वर्गीय बुद्धिजीवी" नागरिक भएको पनि बताएका थिए । अर्थात्, यो समयमा नागरिक समाज हैन नागरिक संकथनको प्रचुरता थियो । नागरिक आन्दोलनको वक्तव्य र प्रचार सामग्रीमा पनि "नागरिक" शब्दको नै प्रयोग बढी गरिएको हुन्थ्यो । नागरिक आन्दोलनको बैठक पुस्तिकामा धेरैले आफ्नो परिचय "नागरिक" को रूपमा गराएका थिए । नागरिक आन्दोलनमा सहभागीहरूले शाही शासन विरोधी आन्दोलनमा "शुद्ध" नागरिकको रूपमा भाग लिनु पर्ने र आफ्नो परम्परागत सांगठनिक पहिचानलाई अगाडि ल्याउन नहुने विचार राख्दथे ।

तर स्थापित नागरिक समाजका अधिकारीहरूले दुई वर्षपछि म सँगको कुराकानीमा नागरिक आन्दोलनकारीहरूको आलोचना गर्दै, गैससहरूले आफ्नो सांगठनिक परिचय लुकाउनुपर्ने जरुरत नभएको बताएका थिए । कतिपय निर्णय प्रक्रियाहरूमा समेत यस्तै विवाद भएको थियो । एक गैससमा आबद्ध व्यक्तिका अनुसार, निर्णय प्रक्रिया "अलि व्यवस्थित" बनाउन उनले दिएको सुझावलाई नागरिक आन्दोलनकारीहरूले अस्वीकार गरेका थिए । यस्तै म सँगको कुराकानीमा गैससको नेतृत्वमा पुगेका केही मानिसले नागरिक आन्दोलनले यसका सभा र प्रदर्शनहरूमा राजनीतिक दल र नेतालाई अनादर एवं अशिष्ट व्यवहार गरेको बताएका थिए । स्थापित नागरिक समाजमा आबद्ध व्यक्तिहरू भने जनपरिचालनको जस

राजनीतिक दललाई दिन चाहन्थे र उनीहरूले विशेषत: अन्तर्राष्ट्रिय परिचालनमा भूमिका खेलेको बताएका थिए । स्थापित नागरिक समाजले यस्तो धारणा राख्ने कारण चाहिँ उनीहरूको राजनीतिक दलहरूसँग भएको निकटताको कारणले थियो ।

आन्दोलनकै क्रममा स्थापित नागरिक समाज र नागरिक आन्दोलनबीच विवाद बढ्दै गएको थियो । उनीहरूको साझा तारो राजा भएकोले विवाद थाती राख्दै उनीहरूले विरोध प्रदर्शन र जनपरिचालनका कार्यक्रमहरू आफ्नै किसिमबाट गर्दै गए । यो विवाद डिसेम्बर १०, २००५ को संयुक्त राष्ट्रसंघ मानवअधिकार दिवसमा छताछुल्ल भएको थियो । यो वर्षको मानवअधिकार दिवसले नेपालमा राजाको शासन भएकोले विशेष महत्त्व राख्दथ्यो । उनीहरूले यो बुझेका हुनाले संयुक्त कार्यक्रम गर्ने सहमतिको प्रयास पनि गरे । तर नागरिक आन्दोलनकारीहरूले संगठनको झण्डा र व्यानर देखाउन नहुने भन्ने अडान लिएका थिए । त्यसपछि दुई समूहले छुट्टै कार्यक्रम आयोजना गरे ।

वि.सं. २०६२–२०६३ को जनआन्दोलनको सन्दर्भमा नागरिक शब्दलाई नागरिक समाजको चल्तीको संकथन र अभ्याससँग सापेक्ष रूपमा छुट्ट्याएर हेरेमा नागरिक आन्दोलन र नागरिक समाज बीचको अन्तर बुझ्न सजिलो हुन्छ । नागरिक आन्दोलनलाई समेत “नागरिक समाज” भन्नु मुलत: मिडियाको भाषा थियो । त्यति बेला पत्रकारहरू शाही सरकारबाट एकदमै पीडित थिए र उनीहरूलाई नागरिक समाजको “सही परिभाषा” के हो भन्नेमा रुचि थिएन । उनीहरूलाई जनपरिचालनको व्यावहारिक प्रश्नको मात्र मतलव थियो । सन् १९९० को दशकदेखि नै प्रचलनमा रहेको “नागरिक समाज” शब्दलाई पत्रकारहरूले सजिलोका लागि प्रयोगमा ल्याएका हुन सक्छन्; अथवा उनीहरूले नागरिक संकथन र पहिचानलाई अवचेतन रूपमा नै प्रयोग गरेको पनि हुन सक्छ । यस्तै प्रक्रियाबाट सर्वसाधरणले पनि नागरिक समाजको पहिचानलाई बुझेका हुन सक्छन् । पत्रकारहरूले जानी बुझिकनै त्यो बेला नागरिक आन्दोलनको समर्थन र वकालत गरेका थिए ।

तर मिडियाले प्रयोग गर्ने “नागरिक समाज” शब्दलाई ठुला गैसस र नागरिक आन्दोलन दुवैले भिन्न कारणले मन पराएका थिएनन् । जस्तो एक ठुला गैससका प्रमुखले नागरिक आन्दोलनलाई मात्र पत्रकारहरूले “नागरिक समाज” मानेको गुनासो गर्दै नेपालमा नागरिक समाज बुझ्नलाई “कान्तिपुर दैनिकलाई सोध्नु” भनी आफ्नो असन्तोष जनाएका थिए । मिडियाले नागरिक समाज भन्दै मूलत: नागरिक आन्दोलनलाई संकेत गरेको उनलाई मन परेको थिएन । मैले माथि नै बताए अनुसार नागरिक आन्दोलनकारीहरू चाहिँ नागरिक समाज भनेर आफूलाई ठुला गैससहरू जस्तै ठानिएकोमा खुसी थिएनन् ।

नागरिक आन्दोलनकारीलाई मिडियाले नागरिक समाजको रूपमा प्रस्तुत गरेको किन मन नपराएको होला भनेर मैले केही वरिष्ठ पत्रकारहरूलाई प्रश्न गरेको थिएँ । मेरो प्रश्नबाट केही त चकित भएका थिए र एक जनाले मलाई प्रतिप्रश्न गरेका थिए—“नागरिकहरू एक

ठाउँमा आए र हामीले त्यही नागरिकको समूहलाई 'नागरिक समाज' भनेका हौँ, त्यसलाई नागरिक समाज नभनेर के भन्ने त ?" उनीहरू आफू नाफा कमाउने संस्थाहरूमा कार्यरत भए पनि चेतनशील नागरिक भएको र त्यही हैसियतमा आन्दोलनलाई समर्थन गरेको वा सहभागी भएको बताएका थिए । पत्रकारहरूको बुझाइमा नागरिक समाज भनेको व्यक्तिहरूले आफूलाई नागरिक ठान्दै जम्मा भएको "समाज" थियो । अधिकांश पत्रकारहरूले वि.सं. २०६२–२०६३ को जनआन्दोलनको समयमा नागरिक समाज भनेर मुलत: नागरिक आन्दोलनलाई नै भनेको म सँगको कुराकानीबाट प्रस्ट हुन्थ्यो । यस अर्थमा "नागरिक समाज" बारेको बुझाइ पत्रकार र नागरिक आन्दोलनकारीमा उस्तै उस्तै थियो । उनीहरूको कुराबाट तत्कालीन समयमा "नागरिक" हुनु एकदमै अर्थपूर्ण थियो भन्ने प्रस्ट हुन्छ ।

नागरिक पहिचान किन यस्तो अर्थपूर्ण भयो ? यसमा नागरिक आन्दोलनभित्रै किन "नागरिक" शब्दको यतिविघ्न प्रयोग भयो, भन्ने कुरा महत्त्वपूर्ण छ । यहाँ नागरिक आन्दोलनमा युवाहरूको भूमिकालाई हेर्नुपर्ने हुन्छ । वि.सं. २०६२–२०६३ को समयमा भएका आन्दोलनभरि नै युवा र पाका पुस्ताबारे बहस चलेको थियो । नागरिक आन्दोलनभित्र पनि युवा र पाका पुस्ताको संकथन प्रबल देखिन्थ्यो । नागरिक आन्दोलनका पाका सदस्यले समेत "युवा" शब्दको खुब प्रयोग गर्दथे । एकपल्ट मलाई लेखक खगेन्द्र संग्रौलाले सागपात र युवाहरूको संगतले आफूलाई स्वस्थ रहन र युवा-अनुभव गर्न सहयोग मिलेको बताएका थिए । कुराकानीको क्रममा देवेन्द्रराज पाण्डेले पनि बारम्बार युवाहरूको प्रसंग निकाल्थे । देश र समाजलाई योगदान दिन नसकेको आफ्नो पुस्तालाई पाण्डेले "अपराधी" सम्म भन्थे । नागरिक आन्दोलनमा विशेषत: युवाहरूको बोलबाला भएर पनि नागरिक शब्दको प्रयोग भएको हुन सक्छ । नागरिक शब्द यहाँ समानताको रूपमा प्रयोग भएको बुझ्न सकिन्छ । यही समानताको चाहनाले युवाहरूलाई नागरिक आन्दोलनमा आकर्षण गरेको थियो । पाका व्यक्तिहरूले युवा परिचालन गर्न रचेको चेतन वा अवचेतन रणनीतिक संकथनको रूपमा पनि यसलाई बुझ्न सकिन्छ । यसले परिवर्तनकामी युवा विद्यार्थी नेताहरूलाई समेत प्रभावित पारेको थियो । यस अर्थमा नागरिक आन्दोलन युवामय थियो भने युवाहरू आफ्नो भूमिकाको खोजीमा थिए ।

नागरिक समाजको परिचय नागरिक आन्दोलनकारीले अस्वीकार गर्नुको एउटा प्रमुख कारण ठुला गैससहरूमा श्रेणीगत असमानता हुन्छ भनेर हो ।[२१] नागरिक आन्दोलनको खुला छलफलबाट निर्णयमा पुग्ने प्रक्रियामा नागरिक समाजका केही वरिष्ठ नेताहरू खुसी थिएनन् । यहाँ बुझ्नु पर्ने के हो भने "व्यवस्थित" प्रक्रियाले नागरिक आन्दोलनका युवाहरूलाई निर्णय प्रक्रियाबाट बाहिर राख्न सक्दथ्यो । नागरिक आन्दोलनका युवाहरू

[२१] उनीहरू यो पनि दाबी गर्थे कि स्थापित नागरिक समाज "परिवर्तनकामी" थिएनन् । उनीहरूको भनाइमा "नागरिक समाज" ले राजनीतिक दलहरूसँग लय मिलाउँदै "शान्ति" र "प्रजातन्त्रको पुनर्स्थापना" भन्दा ठूलो मुद्दा उठाएका थिएनन् ।

कोक्याप, मार्टिन चौतारी जस्ता भिन्नै सांगठनिक संस्कृति भएका साना गैससमा काम गर्दथे । यो अनुसन्धानको दौरान मैले धेरै साना र ठुला गैससहरूको भ्रमण गरेको थिएँ । माथि उल्लिखित साना गैसस अरूभन्दा भिन्न थिए । ठुला "व्यावसायिक" गैससभन्दा यिनीहरूको कार्यशैली अनौपचारिक थियो । अन्तरक्रियामा देखावटी मानसम्मान गर्ने चलन यिनीहरूमा कम थियो । उदारवादी "स्वतन्त्रता" र "समानता" को जनाउ दिने भएकोले पनि नागरिक आन्दोलनका युवा पुस्तालाई "नागरिक" शब्द अर्थपूर्ण भएको हुनसक्छ । नागरिक आन्दोलनकर्मीहरूले आफूलाई बारम्बार "स्वत:स्फूर्त" आन्दोलनको रूपमा चित्रण गर्नु भनेको पनि पुरानो श्रेणीगत शक्ति संरचनाको विरोध गर्नु हो र आफू कसैद्वारा "निर्देशित" नभएको र स्वविवेकले निर्णय लिने "नागरिक" भएको बताउनु थियो ।

अन्तमा, नागरिक शब्द या संकथन वि.सं. २०६२–२०६३ को आन्दोलनको बृहत् परिवेशमा स्वाभाविक र अर्थपूर्ण हिसाबले आएको थियो । राणा कालको आखिरीदेखि नै आम नेपालीलाई बुझाउन प्रयोग गरिँदैआएको लोकप्रिय शब्द "जनता" यो बेला गायब जस्तै भएको थियो । जस्तो, साउन २१, २०६२ को बानेश्वर सभामा डा. मथुरा श्रेष्ठले "प्रिय नागरिक" भनेर श्रोतालाई सम्बोधन गरेका थिए ।[२२] यो समयमा नागरिक शब्दसँगै लोकतन्त्रको नयाँ शासकीय स्वरूपको कल्पना गरिएको थियो । वि.सं. २००७ र २०४६ का आन्दोलन र त्यस पछिका वर्षहरूमा पनि व्यापक प्रयोग हुँदैआएको "प्रजातन्त्र" शब्द हराएजस्तै भएको थियो ।[२३] वि.सं. २००७ मा राणा शासनको अन्तपछि "जनता" शब्दसँगै "प्रजातन्त्र" शब्दले शासकीय स्वरूपको चित्रण गरेको थियो । वि.सं. २०४६ मा आन्दोलनकारीहरूले प्रजातन्त्र शब्दकै प्रयोग गरे । प्रजातन्त्र शब्दले संवैधानिक राजतन्त्र र अंग्रेजीको "लिबरल डेमोक्रेसी" को भाव दिएको थियो । तर वि.सं. २०६२–२०६३ मा "नागरिक" शब्दसँगै लोकतन्त्रको नयाँ शासकीय स्वरूपको कल्पना गरियो । "लोक" ले "प्रजा" शब्दलाई विस्थापित गरिदियो । तर "लोक" निरिह हैन शासन अधिकारको स्रोत भएको "नागरिक" को रूपमा कल्पना गरिएको थियो । "प्रजा होइन नागरिक" बनौँ भन्ने नाराका साथ गणतान्त्रिक यात्राको तय भएको थियो । यसरी हेर्दा नागरिक आन्दोलनमा "नागरिक" संकथनको प्रयोग अस्वाभाविक लाग्दैन ।

[२२] नेपालका आमसभाहरूमा सामान्यतया सभाको "सभापति" लाई सम्बोधन गरिन्छ । उपस्थित दर्शक श्रोताहरूलाई सामान्यता "आदरणीय जनसमुदाय" भनेर सम्बोधन गरिन्छ ।

[२३] काँग्रेस नेता नरहरि आचार्य र प्राध्यापक लोकराज बरालले वि.सं. २०५७ र २०५८ देखि नै फाट्टफुट्ट "लोकतन्त्र" शब्दको प्रयोग गरेको देखिन्छ । तर यो शब्दलाई नागरिक आन्दोलनले व्यापक बनाएको थियो । चैत २०६० मा गठन भएको पेसागत संगठनहरूको "सञ्जाल" (पापड) ले भने "लोकतन्त्र" शब्दको प्रयोग गरेको थिएन ।

## निष्कर्ष

मैले यो लेखमा मूलत: "लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन" को उदय र यसको जनपरिचालनको चर्चा गरेँ। यो कुनै स्थायी प्रकृतिको सांगठनिक शक्ति थिएन र माघ १९, २०६१ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले शुरू गरको प्रत्यक्ष शासन विरुद्धको आन्दोलनको सन्दर्भमा उदाएको थियो। मिडिया र सर्वसाधारणले समेत नागरिक आन्दोलनलाई मूलत: नागरिक समाजको रूपमा चित्रित गरे पनि यसले नागरिक शब्दलाई अगाडि बढाएको थियो। नागरिक आन्दोलनलाई नागरिक समाज भन्नुभन्दा वि.सं. २०६२–२०६३ को आन्दोलनको विशिष्ट परिस्थितिमा उब्जिएको "नागरिकहरूको समाज" भन्नु उचित हुन्छ।

नागरिक शब्दले नागरिक आन्दोलनमा प्रधानता पाउने दुई प्रमुख कारण थिए। पहिलो, नागरिक आन्दोलनमा युवाहरूको बोलवाला थियो। यी युवाहरू आफ्नो भूमिकाको खोजीमा थिए। उनीहरू शासकीय अधिकार भएको नागरिकको रूपमा उभिन चाहन्थे। यहाँ नागरिक शब्द समानताको अर्थमा प्रयोग भएको थियो। दोस्रो कारण चाहिँ नागरिक शब्द राजाको "निरंकुश" शासनको विरुद्धमा प्रयोग भएको थियो। यहाँ पनि समानता कै अर्थमा नागरिकलाई बुझ्न सकिन्छ। यस अर्थमा शाह (सन् २००८) ले भने जस्तै नागरिक समाज बहुअर्थी त थियो तर यो स्व-निर्देशित भाषिक आदर्श मात्र थिएन। विदेशी दाताहरूले नागरिक समाजको उपयोग गर्दै वि.सं. २०६२–२०६३ को आन्दोलन मार्फत "कमजोर" राज्यलाई अझ धराशयी बनाए भन्ने शाह (सन् २००८) को तर्क चित्तबुझ्दो छैन किनकि यसले नागरिक आन्दोलन लगायत समग्र नागरिक समाजको आन्तरिक स्व-पहिचान र राजनीतिक प्रक्रियालाई अवमूल्यन गर्दछ। यो त अत्यन्तै बलवान राजालाई कमजोर ठानिएका नेपाली जनताहरूले "नागरिक" भएको जनाउ दिँदै घुँडा टेकाएको घटना थियो। यस अर्थमा वि.सं. २०६२–२०६३ मा नागरिक संकथनलाई एक घटनाको रूपमा पनि बुझ्न सकिन्छ। नागरिक संकथनले नेपाली समाजको ठूलो हिस्सालाई आफ्नो भूमिका खोज्ने माध्यम बनायो। यसले तत्कालीन समयमा अर्थपूर्ण नयाँ-नयाँ कथ्यहरूको जन्म दियो। यसले इतिहासको नयाँ कल्पना र पुनर्व्याख्या गर्ने अवसर दियो। लोकतन्त्रमा नागरिक हुनु भनेको आफूलाई नयाँ व्यक्तिको रूपमा बुझ्नु थियो। यसले व्यक्ति, समाज र राज्यबीच नयाँ सम्बन्ध स्थापना भएको जनाउ दिएको थियो।[२४]

[२४] आन्दोलनको सफलतापछि "लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलन" तथा बृहत् नागरिक समाजको भूमिकाको विषय रुचिकर हुनसक्छ तर त्यो सन्दर्भ लेखको दायराभन्दा बाहिरको विषय हो।

## धन्यवाद

यो लेखको मस्यौदामा टिप्पणी गरी सुधार गर्न महत्त्वपूर्ण सहयोग गर्नुहुने प्रत्यूष वन्त, प्रणब खरेल र हर्षमान महर्जनलाई धन्यवाद दिन चाहन्छु । यसै गरी थप टिप्पणीका लागि अर्जुन पन्थीप्रति पनि आभारी छु ।

## सन्दर्भ सामग्री

पहाडी, कृष्ण । २०६३ । *स्वतन्त्र मन्तव्य यात्रा* । काठमाडौँ : मानवअधिकार तथा शान्ति समाज ।

पाण्डे, देवेन्द्रराज । २०५८ । नागरिक समाज : कुन समाज ? कस्को समाज ? *कान्तिपुर*, फागुन २४, पृ. ६ ।

वन्त, प्रत्यूष । २०५८ । नागरिक समाज विश्वास बढाउने संस्थागत संस्कृतिको अभाव । *हाकाहाकी* ४(१०) : १४–१६ ।

Basnet, Chudamani. 2012. Three Faces of Civil Society Activism in Nepal1. *New Angle* 2(1): 13–22.

Bhatta, Chandra D. 2012. Unveiling Nepal's Civil Society. *Journal of Civil Society* 8(2): 185–199.

Bhatta, Chandra Dev. 2007. Civil Society in Nepal: In Search of Reality. *Contribution to Nepalee Studies* 34(1): 45–57.

Bourdieu, Pierre. 1984. *Distinction: A Social Critique of the Judgement of Taste*. Cambridge, Mass.: Harvard University Press.

Bourdieu, Pierre. 2001. The Forms of Capital. In *The Sociology of Economic Life*. Richard Swedberg and Mark S. Granovetter, eds., pp. 96–111. Cambridge: Westview Press.

Bourdieu, Pierre and Loïc Wacquant. 2013. Symbolic Capital and Social Classes. *Journal of Classical Sociology* 13(2): 292–302.

Chandhoke, Neera. 2002. The Limits of Global Civil Society. In *Global Civil Society*. Helmut K. Anheier, Marlies Glasius, Mary Kaldor, eds., pp. 35–53. Oxford: Oxford University Press.

Dahal, Dev Raj. 2001. Problems and Prospects of Relationship between Government Organizations and NGOs/INGOs in Nepal. In *NGO, Civil Society and Government in Nepal : Critical Examination of Their Roles and Responsibilities.* Krishna Bhattachan, Dev Raj

Dahal, Sheetal Rana, Jyoti Gyawali, Min Bahadur Basnet, Kashi Ram Bhusal, and Ram Raj Pokhrel, eds., pp. 105–128. Kathmandu: Central Department of Sociology/Anthropology, Tribhuvan University.

Heaton-Shrestha, Celayne and Ramesh Adhikari. 2010. Antipolitics and Counterpolitics in Nepal's Civil Society: The Case of Nepal's Citizens' Movement. *Voluntas: International Journal of Voluntary and Nonprofit Organizations* 21(3): 293–316.

Jenkins, Rob. 2001. Mistaking 'Governance' for 'Politics' : Foreign Aid, Democracy, and the Construction of Civil Society. In *Civil Society : History and Possibilities.* Sudipta Kaviraj and Sunil Khilnani, eds., pp. 250–168. New Delhi: Cambridge University Press.

Mercer, Claire. 2002. NGOs, Civil Society and Democratization : A Critical Review of the Literature. *Progress in Development Studies* 2(1): 5–22.

Nepal Monitor. 2006. Q & A : Devendra Raj Panday. Available at www.nepalmonitor.com/2006/10/q_a_devendra_raj_panday.html. accessed May 2, 2009.

Opp, Karl-Dieter and Wolfgang Roehl. 1990. Repression, Micromobilization, and Political Protest. *Social Forces* 69(2): 521–547.

Panday, Devendra Raj. 2000. *Nepal's Failed Development: Reflections on the Mission and the Maladies.* Kathmandu: Nepal South Asia Center (NESAC).

Panday, Devendra Raj. 2011. *Looking at Development and Donors: Essays from Nepal*. Kathmandu: Martin Chautari.

Shah, Saubhagya. 2002. From Evil State to Civil Society. In *State of Nepal.* Kanak Mani Dixit and Shastri Ramachandaran, eds., pp. 137–160. Kathmandu: Himal Books.

Shah, Saubhagya. 2008. *Civil Society in Uncivil Places: Soft State and Regime Change in Nepal*. Washington, D.C.: East West Center.

Tamang, Seira. 2002. Civilizing Civil Society: Donors and Democratic Space. *Studies in Nepali History and Society* 7(2): 309–353.